# आ.व. २०७०/७१ को वजेट माथि स्वतन्त्र उर्जा उत्पादकहरुको संस्था, नेपाल (IPPAN) को धारणा

आर्थिक वर्ष २०७०/२०७१ को वजेट पूर्ण वजेटको रुपमा समयमा नै सार्वजनिक भएको छ । सरकारको यस सकारात्मक पहल प्रति सम्पुर्ण नेपालीहरु संगसगै यस स्वतन्त्र उर्जा उत्पादकहरुको संस्था नेपाल (IPPAN) पनि एकेवध्दता जाहेर गर्दछ ।

वजेटले लगानी मैत्री वातावरणको प्रत्याभूती दिलाउने प्रयास गर्ने प्रतिवध्दता सहित निजी क्षेत्रको लगानी आकर्षण गर्ने निती लिंदै निजी क्षेत्रलाई आर्थिक वृध्दिको संवाहकको रुपमा उजगार गर्नु आफैमा वजेटको सकारात्मक पक्ष रहेको यस संस्थाको ठहर छ ।

जलविद्युत एवं उर्जा क्षेत्रको विकास, विस्तार एवं प्रवर्ध्दनलाई पहिलो प्राथमिकतामा राख्दै त्यस्को उत्पादन, प्रसारण लाईनको निर्माण, वितरण प्रणालीमा उल्लेखनीय सुधार ल्याउन उर्जा क्षेत्रमा ३० अर्व वजेट विनियोजन गर्नु र त्यस मध्ये आन्तरिक र अन्तरदेशीय प्रसारण प्रणालीको तिव्र निर्माणमा १३.५ अर्व रकम विनीयोजन गरिनु नेपालको आर्थिक समृध्दि, औद्योगिकरण र रोजगारी सृजना प्रति उर्जालाई महत्वपुर्ण अस्त्रको रुपमा मान्यता दिईएको वजेटको अर्को स्वागत योग्य पाटाको रुपमा रहेको यस संस्थाको मान्यता छ ।

सम्भवतः प्रसारण लाईनमा वजेट मार्फत यति धेरै रकम विनियोजन गरिएको नेपालको इतिहासमा यो प्रथम हो । सरकारको यस पहलले ‘वोटल नेक’ को रुपमा रहेको प्रसारण प्रणालीको विस्तारमा ठूलो सहयोग पुग्ने स्वतन्त्र उर्जा उत्पादकहरुको संस्था, नेपाल (IPPAN) को विश्वास छ ।

यसप्रकार वजेटले विद्युत उर्जा लाई पहिलो प्रथमिकतामा राखेको उजगार गरेता पनि यस्ले सम्पुर्ण उत्पादन र निर्माणको ३०% हिस्सा योगदान गर्ने स्वतन्त्र उर्जा उत्पादकहरुको यस क्षेत्रमा उत्साहसाथ थप लगानी गर्दै जाने संभावनालाई भने कुनै संवोधन गरिएको पाईदैन, अतः हामीले उपेक्षित महशुस गरेका छौं ।

विगत पाँच वर्षमा निजी क्षेत्रवाट मात्रै करिव ७० मे. वा. विद्युत राष्ट्रिय प्रसारण प्रणालीमा थप गरिसकिएको छ भने गत आ. व. ०६९/०७० मा मात्रै ८ वटा आयोजनावाट कुल ४१ मे. वा. विद्युत थप गरिएको छ । आगामी आ. व. मा करिव ७ वटा आयोजनावाट ४६ मे. वा. विद्युत थप गरिने प्रवल संभावना छ । जुन राष्ट्रको लागि गौरवको कुरा हो ।

यसप्रकार विषम परिस्थिती बावजुद अथाह संभावना वोकेको निजी उर्जा उद्यमीहरुको आयोजनाको निर्माण लागतलाई कम गर्ने र उनिहरुलाई विस्थापित हुन नदिने उपायहरु प्रति वजेट मौन रहनु दुःख लाग्दो कुरा हो ।

उर्जा क्षेत्रमा अत्याधिक मात्रामा वढ्दै गएको आयोजनाको लागतलाई कम गर्ने उपायहरुको संवोधन गर्न सकिएमा निजी लगानी वढ्न जाने र आम नागरिकले उचित मूल्यमा उर्जा उपभोग गर्न पाउने देशमा औद्योगिकरण, व्यवसायीकरण, व्यवसायीक कृषिको विकास भई खर्वौ राजस्व सरकारी ढिकुटीमा ल्याउन सकिने संवाहक निजी क्षेत्रको लागत कम गर्ने मागहरु जस्तै आफैले तिरेको भ्याटवाट निश्चित प्रतिशत अनुदान, व्याजदरमा माथिल्लो सिंलिंग तोक्ने वा व्याजमा सवसिडि दिने प्रविधि, पंहुच सडक, एक्कल राजस्व नीति लागू गर्नु पर्ने आदि सहित तल उल्लिखित मागहरु प्रति वजेट मौन रहनु निजी उर्जा उद्यमीहरु प्रति वजेट उदासिन रहेका आभास भएको छ ।

हाल निर्माणमा रहेका करिव ३०० मे. वा. आयोजनाहरुमा करिव ५५ अर्व लगानी परिचालन गरेका निजी क्षेत्र प्रति वजेट शव्दमा मात्र सिमित हुनु आफैमा उदेक लाग्दो कुरा हो ।

Heritage Plaza II, Kamaladi, PO Box. 20010, Kathmandu Nepal Tel. (+)977-1-4169975 Fax. (+)977-1-4169175 Email: info@ippan.org.np URL:www.ippan.org.np

विद्युत आयोजना निर्माणमा सरकारी संलग्नतालाई गहन रुपमा संवोधन गर्नु आफैमा राम्रो कदम भएता पनि निजी क्षेत्रको संभावनालाई भने शव्दमा मात्र सिमित राखिनु आश्चर्य जनक छ ।

वजेटले समेटन नसकेका पक्षहरु :

- प्रसारण लाईन निर्माण गर्दा सरकारी वन क्षेत्र तथा निजी क्षेत्रको जग्गा अधिग्रहण प्रकृया
- RoW समस्या समाधान तर्फ वजेट मौन छ ।
- ३० प्रतिशत अंश ओगटेको निजी जलविद्युत उद्यमीको उत्पादन लागत घटाउने तर्फ ध्यान नदिनु ।
- आयोजनाको सिभिल निर्माण सामग्रीमा मूल्य अभिवृद्धि कर (VAT) छुट नदिनु ।
- निर्माण अवधिको भ्याट भन्दा आयोजना निर्माण पछि उठ्ने कर (Royalty) धेरै गुणा बढी हुने हुन्छ, सो तर्फ वजेटले सम्वोधन नगर्नु ।
- निर्माणाधीन आयोजनाहरुलाई धाराशायी हुनवाट वचाउने मन्त्रि परिषदवाट निर्णय भई उर्जा मन्त्रालयवाट सम्झौता भईसकेका करिव ३० आयोजाहरु लाई २०७१ चैत्र मसान्तसम्म व्यवसायीक उत्पादन गरेमा Posted PPA दर दिने विषयमा वजेटले सम्वोधन नगर्नु ।
- वैंकको व्याजदरको सिलिङ्ग तोक्ने र सुविधा दिने सम्वन्धमा वजेट मौन रहनु ।
- आयोजना निर्माण स्थलसम्म पुग्ने वाटो विस्तार सम्वन्धमा वजेटले नछुनु ।
- मुद्रास्फिर्ती ८ प्रतिशत प्रक्षेपण गरिएको अवस्थामा PPA rate समयानुकुल समायोजन गरिने सम्वन्धमा कुनै सम्वोधन नगरिनु ।
- एकल राजश्व निती सम्वन्धमा समेत सम्वोधन नहुनु ।
- २५ मेगावाट भन्दा माथिका आयोजनाहरुको PPA अनौपचारिक रुपमा रोकिएको सम्वन्धमा पनि सम्वोधन नहुनु ।
- निर्माण मूल्य अत्याधिक वृध्दि सम्वन्धमा संवोधन नहुनु ।
- संचालनमा रहेका साना आयोजनाहरुलाई आर्थिक जोखिमवाट पार लाउने उपाय प्रति पनि वजेट मौन रहेको छ ।

अर्को तर्फ सरकारले यत्रो रकम विनियोजन गरेता पनि प्रसारण लाईनमा आगाम आ. व. मा १० प्रतिशत पनि रकम खर्च हुने संभावना देखिदैन । त्यस्को मूल समस्या आयोजना निर्माण पूर्व तयारी, सरकारी वन क्षेत्रको जग्गा प्राप्ति तथा निजी जग्गा आधिग्रहण हो जस्मा वजेट मौन छ । तसर्थ यस्को विनियोजन ३ देखि ५ वर्षको समयावधि तोकि गर्न सकेको खण्डमा वेश हुन्छ अन्यथा रकम ल्याप्स हुन जानेछ ।

अन्त्यमा सरकारद्वारा प्रस्तुत भावी कार्यक्रमको प्रभावकारी कार्यान्वयन र सफलताका लागि र उर्जा क्षेत्रमा निजी उर्जा उत्पादक लगानीकर्ताहरुलाई प्रोत्साहन दिई भविष्यमा अहिले विद्यमान रहेका उर्जा क्षेत्रका समस्याहरुलाई सम्वोधन गरी सकारात्मक दिशातर्फ उत्प्रेरित हुन यस स्वतन्त्र उर्जा उत्पादकहरुको संस्था, नेपाल (IPPAN) हर्दिक अपिल गर्दछ ।

**स्वतन्त्र उर्जा उत्पादकहरुको संस्था, नेपाल (IPPAN)**